सिक्किम र आसामबाट एकैसाथ प्रकाशित
# हाम्रो प्रजाशक्ति
वर्ष १९, अङ्क १७९, ३१ अगस्त, २०१८, शुक्रवार

## राजनीति र व्यवस्था परिवर्तन

राजनीति अहिले सत्ता सुख्र भोग्ने माध्यम भएको छ। राजनीति सबैभन्दा अधिक निवेश गरिने व्यापार भएको छ। सत्तामा आएपछि सत्तासिन दलका नेताहरुले व्यापारमा भन्दा सयौं गुणा अधिक मुनाफा निकाल्ने यो साधन भएको छ। सिक्किमको राजनीति पनि यस परम्पराबाट अछुत छैन। सत्तामा आएर जति छिटो आफ्नो लागि या समूहको लागि पैसा, पद, नोकरी सबैको लाभ उठाउन एउटा पार्टीदेखि अर्को पार्टीमा मानिसहरु जाने गरेको कुनै नौलो कुरा होइन।

आगामी २०१९ को सिक्किम विधानसभा चुनाउ नजिकै आउँदैछ। सिक्किममा अब चुनाउको काउण्टडाउन शुरु भयो भन्दा हुन्छ। सदाभन्दा आगामी चुनाउ निकै नै प्रतिद्वन्द्वितापूर्ण र रोचक हुने सबैको आंकलन छ। देशको सबैभन्दा लामो मुख्यमन्त्रीको रिकर्ड तोडेका पवन चामलिङ भर्सेस पीएस गोलेबीच नै यसपटकको चुनावी प्रतिद्वन्द्विता हुने अधिक सम्भावना छ।

तर के आगामी २०१९ को विधानसभा चुनाउको परिणामले सिक्किमे आम जनताको जनजीवनमा केही परिवर्तन ल्याउलान् त? सोंचुपर्ने हुन्छ। चुनाउ जितेर सत्तामा को आउनेछ, त्यो मुख्य कुरा होइन। तर चुनाउ जितिसकेपछि त्यस सत्तासिन दलले आम मानिसको जनजीवनमा कति फरक पार्नेछ त्यो मुख्य कुरा हो। सिक्किम केवल गान्तोक मात्र होइन। गान्तोकदेखि बाहिर अहिले पनि आम मानिसहरुको जनजीवन कष्टपूर्ण नै छ। सिक्किममा अहिले पनि धेरै अन्कन्टार ठाउँहरु छन् जहाँ बाटो, बिजुली र पानी पुगेको छैन। हुन त सिक्किम अन्य राज्यको तुलनामा सबैभन्दा अधिक सरकारी सुविधाहरु पुगेको ठाउँ हो तर सरकारले जति कोष प्रदान गरेको छ,त्यति कोष यहाँ विकासको कार्यमा लगाइएको छैन। जनता अहिले पनि विभिन्न सुविधाहरुदेखि बञ्चित छन्। उनीहरुले भनेको जस्तो आवाज उठाउन सकिरहेका छैनन्। यस्तो बेला पीएस गोले चामलिङको विकल्पको रुपमा अघि आएका छन्। त्यस राजनैतिक दलको नेताभन्दा पनि त्यस दलको विचारधारा कति समयसान्दर्भिक छ, त्यसमा नै आम मानिसहरुको जनजीवन निर्भर रहनेछ।

यसैले आगामी सिक्किम विधानसभाको चुनाउमा सिक्किमवासीहरुले परिवर्तनको अपेक्षा राख्नुपर्दछ। तर व्यक्ति पूजाबाट होइन, त्यस राजनैतिक दलको विचारधारालाई अध्ययन गरेर परिवर्तनको अपेक्षा राख्नुसके राम्रो हुनेछ।

## बिम्सटेकको सभालाई प्रधानमन्त्री मोदीद्वारा सम्बोधन

**काठमाडौं, ३० अगस्त।** बिमस्टेकको सम्मेलनलाई भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सम्बोधन गरे। प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो सम्बोधनमा आतङ्कवादी गतिविधि एउटा चुनौतीको रूपमा उभिएको अनि यसलाई समाप्त गर्न एउटा राष्ट्र मात्र भएर हुँदैन सबै एक जुट भएर यसको विरूद्धमा लाग्नसकिए समस्याको समाधान निस्कने छ भने। बिमस्टेकको सम्मेलनमा सामेल सबै समझौताहरूलाई भारतले स्वागत जनाएको प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो वक्तव्यमा राखे। तिनले आफ्नो सम्बोधनमा आगामी नोभेम्बर महीनामा भारतमा आयोजन हुने बिम्सटेकको सभामा सबै राष्ट्रलाई सहभागी हुने निम्तो दिन पनि चुकेनन् भने तिनले राष्ट्रिय सुरक्षाको निम्ति हामी सबै मिलेर एक भएर काम गऱ्यौं भने सबै क्षेत्रमा कार्य गर्नु सहज हुने सुझाउ दिए। बङ्गालको खाड़ी समस्याको उल्लेख गरे अनि अहिलेघरि यो क्षेत्रहरुमा बाढ़को समस्यासँग जुझन परिरहेको स्थितिको अवगत गराए। भारतमा सम्पन्न हुने चौथो बिमस्टेकका सम्मेलनमा उत्तर-पूर्व क्षेत्रमा आपसी सम्बन्ध जोड्नकासाथै आर्थिक, व्यापार, वाणिज्य लगायत धेरैवटा विषयमा लाभदायक हुनेछ भने। भारतले आगामी दिनमा पर्यावरण विषयलाई लिएर एउटा दिल्लीमा सम्मेलन आयोजन गरिनेछ, जसमा हजुरहरुलाई निम्तो छ भने। २०२०-मा बौद्धधर्म प्रलम्बिहरुलाई होरेर दिल्लीमा सम्मेलेन आयोज गरिने छ भनि बताए। बिमस्टेकका माध्यमबाट आउने पीढ़ीलाई धेरै लाभदायक हुने संकेत पनि दिए।

# यसो गरे कसो होला!

गताङ्कको रहल



❍ जीबी बल खरसाङ

विकासको यो एक नमूना हो तर पछि सत्ता परिवर्तन हुन्छ, वाममोर्चाले सरकार चलाउँछ। यसो हुँदाहुँदै ८० को दशकमा पहाड़का ठूलाबड़ा व्यक्ति, व्यक्तित्व, सङ्घ संस्थानहरूका पदाधिकारी, राजनैतिक दलका नेतृत्वगण मिलेर एक राजनैतिक दल **प्रान्त परिषद**को स्थापना हुन्छ।

ठाउँ ठाउँमा सभा, गोष्ठी हुँदाहुँदै सेप्टेम्बर १९८१ सालमा परिषद्का अध्यक्ष **आइबी राई**को हस्ताक्षरमा स्मारक पत्र चढ़ाइन्छ छुट्टै प्रान्तको माग राखेर भारतका प्रधानमन्त्री **इन्दिरा गान्धी**लाई। त्यही समयमा **सुवास घिसिङ**ले पनि राजनैतिक पार्टी **'गोर्खा राष्ट्रिय मुक्ति मोर्चा'**-को स्थापना गरी उनकै अध्यक्षतामा नारा, जुलूस, हड़ताल, पोस्टर, प्रदर्शन हुन्छन्।

मीठो बोली तथ्यसहित घतलाग्दा भाषणले पहाड़वासी एकोहोरिन्छन्, एकजुट हुन्छन्, जय गोर्खा जय गोर्खाल्याण्डको नाराले आकाश गुञ्जन्छ, गोर्खाहरूको हृदय छुन्छ। अप्रेल १९८६ सालमा सोझै गोर्खाल्याण्डको माग उठाउँदै तथ्यसहित सरकारलाई याददास्त चढ़ाइन्छ। ठूलो आन्दोलन हुन्छ। बन्द हड़तालमा धनजन, सम्पत्तिको धेरै क्षति हुन्छ। मैले जानेअनुसार, सुवास घिसिङ नै हुन् प्रथम व्यक्ति, जसले सोझै भारतीय गोर्खाहरूको पहिचान, अस्मिता र सुरक्षाका निम्ति गोर्खाल्याण्ड मागेका तर कसो कसो सम्झौता हुन्छ।

**'दार्जीलिङ गोर्खा हिल काउन्सिल'** (डीजीएचसी) गठन हुन्छ औ चुनाउ, फेरि विकास। गोर्खाल्याण्डबाट झरेर बाटोघाटो, पानी, पुल, झोड़ा, कम्युनिटी हलमा नै सीमित रहन्छ। धेरै समय विकासमा खर्चे पनि भनेजस्तो नहुँदा घिसिङ आफै 'गोर्खाल्याण्ड नफल्ने बनतरुल' भन्दै छैटौं अनुसूचीपट्टि लाग्छन्। मित्र कम, दुश्मन धेर भएपछि कसो कसो आफ्नै दल फुटेर विमल गुरुङको अगुवाई र अध्यक्षतामा **'गोर्खा जनमुक्ति मोर्चा'**-को स्थापना हुन्छ।

नयाँ दलबाट आन्दोलन, जुलुस, नारा, हड़ताल, बन्द अन्त्यमा फेरि सम्झौता हुन्छ। चुक्ति हुन्छ डीजीएचसीको बदलीमा **'गोर्खाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेसन'** (जीटीए) बनिन्छ अनि त्यसपछि चुनाउ, फेरि विकास। घुमिफिरी रुम्जाटार।

सिद्धार्थ शङ्करको कङ्ग्रेस सरकारले १९०७ देखि १९५२ सालसम्म लगातार मागिएको छुट्टै प्रशासनिक व्यवस्थालाई हामी भारतीय गोर्खाहरूका मन-मस्तिष्कबाट नै हटाउने असफल प्रयास गऱ्यो विकासको आड़ लिएर।

ज्योति बसूको वाममोर्चा सरकारले पनि यति ठूलो गोर्खाल्याण्ड जन आन्दोलनलाई दबाउन हिसाबकिताब राख्न नसक्ने गरी पगितो रुपियाँ पैसा आवन्टन गरी वकास गर्न लगायो। पछि त्यही कूटनैतिक चालले उपलब्ध गराएको धनलाई अडिटको लौरो देखाएर तर्सायो औ बार्गेनिङ पोइन्टमा लगी सम्झौता गर्नुपऱ्यो। भारतीय गोर्खाहरूको मन- मस्तिष्कबाट 'गोर्खाल्याण्ड' शब्द कहाँ मेटिन्छ र! आज फेरि ममताको तृणमूल सरकारले पनि पुरानो नीति, त्यही विकासलाई नै हतियार बनाई सपनाको स्वीजरल्याण्ड बनाउँदैछ। पैसा फल्ने, फलाउने बोट (बोर्डहरू) रोपिँदैछन्।

मूल मागबाट पन्साउने असफल प्रयासमा छ राज्य सरकार। हामी सोझै छौं, विश्वास गर्छौं, पत्याउँछौं त्यसैले अन्यले फाइदा उठाउँछन्। अब हाम्रो पुरानो रुञ्चे बानी त्याग्नु पर्छ।

हामी ३०/४० को दशकका भारतीय गोर्खा होइनौं। अब हामीले गरीब, दु:खी, अनपढ़, गोठालो, खेतालो, हली, डोके, नाम्ले, भरिया भन्ने अवधारणालाई परिवर्तन गर्नुपर्छ।

हाल हामी अन्य विकसित जात, जाति गोष्ठीहरूसित काँधमा काँध मिलाएर प्रत्येकक्षेत्रमा प्रतिस्पर्धा गर्न समर्थ भएका छौं भन्नुपर्छ, औ छौं पनि। साँच्चै हामीसित के कमी छ? हाम्रा धने, मने, भक्ते, फूलमती, चन्द्रकलाहरू प्रशासनिक, कानुनी, शैक्षिक, तक्निकी, स्वास्थ्य, कृषि, साहित्य, सङ्गीत, विज्ञान, सैनिक आदि आदि विभाग र क्षेत्रमा प्रशस्तै छन्।

तीन सयभन्दा बढ़ी डब्ल्यूबीसीएस अधिकारीहरू पश्चिम बङ्गाल सरकारमा नै कार्यरत छन् पहाड़ र मैदानका कार्यालयहरूतिर। दुई दर्जनजति हाम्रा धने, मने, फूलमति बङ्गालका विभिन्न न्यायालयतिर न्यायाधीश तथा जुडिसियल म्याजिस्ट्रेटहरू छन्। पश्चिम बङ्गालका प्राय: विश्वविद्यालय, महाविद्यालयतिर हाम्राहरू सहायक प्रोफेसर, एसोसिएट प्रोफेसर, प्रिन्सिपल, प्रोफेसरहरू कार्यरत छन्, तीहरूमध्ये डाक्टरेटका डिग्रीहरूको सङ्ख्या कम छैन।

समग्र विषयमाथि नजर राख्दा हामी छौं तैपनि किन छैनौं? हामी विकसित छौं, अब किन निहुरिने विकासका निम्ति? मिलौं एक झुप्पा भएर।

यीलगायत बङ्गालबाहिर भारतका नामी र दामी विश्वविद्यालयहरूमा पनि अध्यापन गर्नेहरूको सङ्ख्या धेरै छन्। औंलामा नै गन्नु परे पनि हाम्राहरू छ/सातजना जस्ता आइपीएस, आइएएस, आइपीस, आइएफएस जस्ता पद र ओहोदामा पनि कार्यरत छन्।

सिक्किम राज्यको केन्द्रीय विश्वविद्यालयलाई सुचारू रूपले सञ्चालन गरी देखाइदिएकै हुन् दुई गोर्खे भाइस चान्सलरले। यता जिल्ला, महकुमा, सरकारी अस्पतालतिर विषय विषयका विशेषज्ञ धने, वीरे, मनमाया डाक्टरहरूको सङ्ख्या कम छैनन्। बङ्गालभरि ठूल्ठूला नर्सिङ होमतिर नाम र दाम कमाएर बस्नेहरूको सङ्ख्या पनि कम छैनन्।

विभिन्न प्रकारका डाक्टर, विभिन्न विषयका इन्जिनियर, बोयलर लोकोमोटिभ, अटोमोबाइल, मेरिन, इस्पात, टेक्स्टाइल, इलेक्ट्रोनिक, कम्प्युटर साइन्सलगायत, आइआइटी, जुनियर, सिनियर साइन्टिस्टहरूको पद र ओहोदामा रहनेहरूको सङ्ख्या पनि कम छैनन्। सेनामा सिपाही मात्र होइन, कर्नेल, ब्रिगेडियरदेखि मेजर, जेनरलसम्मका पदहरूमा छन् हाम्राहरू। राज्यमा हाम्राहरू महकुमाशासक, जिल्लाशासकदेखि डेपुटी डाइरेक्टर, डाइरेक्टर, सेक्रेटरी, चीफ सेक्रेटरीसम्म भएर कोही कार्यरत, कोही अवकाशग्रहण गरिसकेका छन्।

हाई कोर्टमा जर्जसम्म रहेको रेकर्ड छ। पद्मश्री सम्मान पाउनेहरूको सङ्ख्या पनि कम छैन हाम्राहरूमा। यही हेराइले हो भने हाम्रोमा राज्यपाल हुने क्षमता भएका व्यक्ति पनि छन्, तर खोइ अवसर? राजनीतिकै कुरो गरौं भने अघिदेखि आजसम्म विधायक सांसद, उपमन्त्री, मन्त्रीहरूको पदभार सम्हालेकै हुन्। आज पनि विधायक, सांसदहरू छँदैछन्। पार्टी जुनसुकै किन नहोस्, मानिस ता हाम्रै हुन्, गोर्खे हुन्।

भारत देशमा सबैभन्दा लामो समयसम्म मुख्यमन्त्रीको पदभार सम्हाल्ने रेकर्ड तोड़ने **मुख्यमन्त्री पवन चामलिङ** पनि हाम्रै गोर्खे पुत्र हुन्। देशप्रतिको त्याग र बलिदानको प्रश्न उठ्छ भने थमाइदिऊन् स्वतन्त्रता सेनानीहरूको लामो लिस्ट।

नमूनाका निम्ति संसद भवनअघि खड़ा **शहीद दुर्गा मल्ल**को सालिग नै काफी छ। हाम्रो नेपाली भाषाले १९९२ सालमा नै संविधानिक मान्यता पाएको छ। अकादमी पुरस्कार प्राप्त गर्नेहरूको सङ्ख्या पनि कम छैन, प्रत्येक विधामा। अन्य मान्यताप्राप्त भाषाका पुस्तकहरू नेपाली भाषामा अनुवाद भएका छन् भने हाम्रो नेपाली भाषाका राम्रा राम्रा पुस्तकहरू अन्य भाषामा अनुदित छन्।

यी माथि उल्लेखित हाम्रा प्रगति, उन्नति र पद ओहोदामा बस्ने उज्ज्वल नक्षत्रहरू ता केवल दार्जीलिङ जिल्लाभरि छरिएर बस्नेहरूका हिसाबकिताब र आँकड़ा हो।

सारा भारतवर्षका उत्तरदेखि दक्षिण ३२१४ किलोमिटर र पूर्वदेखि पश्चिम २९३३ किलोमिटरभित्र छरिएर बसोबास गर्ने भारतीय गोर्खाहरूको आँकड़ा ता समावेश गरिएको छैन। उसै ता उत्तर-पूर्व मणिपुर, मेघालय, असम, सिक्किमतिरका मुख्यमन्त्री, मन्त्रीगण, अधिकारी, दिल्ली, भाक्सु, देहरादूनतिर छरिएर बसेका ठूल्ठूला पद र ओहोदामा हुनेहरूको आँकड़ा तयारी गऱ्यौं भने ता हाम्रो सामाजिक, सांस्कृतिक, आर्थिक, बौद्धिक स्थिति कता हो कता माथि उठ्ने छ।

यसैले हरदरमा भन्नुपर्दा, समग्र विषयमाथि नजर राख्दा हामी छौं तैपनि किन छैनौं? हामी विकसित छौं, अब किन निहुरिने विकासका निम्ति? मिलौं एक झुप्पा भएर धने, मने, फूलकुमारी, काबो, कार्थक, तामसाङ, अग्रवाल, पटवारी, महेश्वरी, लेडेनला, सामदेन, इजुङ, हुसैन, हक, अन्सारी, धाँगर, राजवंशी, मुन्डा, मुकरजी, घोष, बसू, कानू, झा, तिवारी, स्मिथ, बुश, फर्नान्डिहरू।

भन्नुको अर्थ सबै धर्म, जाति, जातगोष्ठी, पहाड़, मधेशकाहरू एक भएर सबै हिसाबकिताब, आँकड़ा जम्मा गरी सामूहिक र संयुक्त आवेदन बुझाउनपर्छ सरकारलाई छुट्टै वासभूमिका निम्ति। हामी एक छौं, सक्षम छौं, राज्य सञ्चालन गर्नसक्छौं भनी।

कसैलाई गोर्खाल्याण्ड शब्दले बिझाउँछ, एलर्जी हुन्छ भने राखौं अर्को मिल्दोजुल्दो नाम, जसको सम्बन्ध हाम्रो चिह्नारी, पहिचान, अस्मिता र सुरक्षासित सम्बन्ध होस्। यसो गरे कसो होला? ❐

# विश्व अर्थतन्त्र र विश्व राजनीति

❐ केमाल डेभरी/ क्यारोलिन कोन्रो

गताङ्कको रहल

## बहुराष्ट्रिय संस्थागत काम गर्नु आजको विश्वव्यापी अर्थतन्त्रको आवश्यकता हो।

यस वर्षमात्रै पनि युरोपियन कमिसनले अमेरिकी प्रविधि कम्पनी गुगलसमेतको मातृ कम्पनी अल्फाबेट इंक र अमेरिकी दूरसञ्चार कम्पनी क्वालकमलाई ५ अर्ब ८० करोड़ डलर जरिवाना गरेको देखिन्छ। उसले खुला प्रतिस्पर्धाविरोधी गतिविधि गरेकाले युरोपेली कमिसनले जरिवाना गरेको हो।

कमिसनले जनरल डाटा प्रोटेक्सन रेगुलेसन नामक नीति तर्जुमा गरी उपभोक्ताको व्यक्तिगत विवरण प्रयोग गर्न, सेयर गर्न र नियन्त्रण गर्ने व्यवस्थामा कड़ाइ गरेको छ किनभने युरोपेली सङ्घको आफ्नै बजार पनि निकै ठूलो छ। यसकारण पनि विदेशी कम्पनीको नियमन गरे उसलाई बढ़ी फाइदा हुन्छ तर जब अन्तरराष्ट्रिय मापदण्ड कायम गर्ने विषय आउँछ, इयू पनि कमजोर नै ठहरिन्छ।

ट्रम्पले युरोपेली गतिविधि कमजोर गर्न सक्रियताका साथ लागेको र नियमन गर्दै नगर्ने वा खुकुलो गर्ने पक्षमा वकालत गरेकाले पनि युरोप कमजोर देखिएको हुन सक्छ तर विश्वव्यापी अर्थतन्त्रको मुद्दाले पनि ठीकविपरीत माग गर्छ।

व्यापक नाफा आर्जन गरेका ठूला बहुराष्ट्रिय कम्पनी कर तिर्ने कुरालाई भने स्वीकार गर्दै आएका छैनन्। उनीहरूले आम्दानी असमानता वृद्धि गर्न मात्रै भूमिका खेलेका छैनन्, सार्वजनिक खर्च प्रणालीलाई नै कमजोर बनाउँदैसमेत आएका छन्। यस्ता कम्पनीलाई नियमन गर्न कुनै एक राष्ट्रको मात्र प्रयास सफल हुन सक्दैन, यसका लागि बहुराष्ट्रिय सहयोग नै आवश्यक परेको देखिन्छ। जस्तै- जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न कुनै एक राष्ट्रको मात्र प्रयास पर्याप्त नहुनेजस्तै ठूला राष्ट्रको निमयन गर्न पनि बहुपक्षीय तथा अन्तरराष्ट्रिय संस्थाको भूमिका महत्त्वपूर्ण हुन्छ। बहुराष्ट्रिय संस्थागत काम गर्नु आजको विश्वव्यापी अर्थतन्त्रको आवश्यकता हो।

यसको अर्थ हाल अस्तित्वमा रहको अन्तरराष्ट्रिय संस्थाको दायरा विस्तार गर्नु मात्र नभएर विश्वव्यापी प्रतिस्पर्धा बढ़ाउने र नियमन गर्ने ग्लोबल कम्पिटिसन अथोरिटीजस्ता नयाँ संस्थाको स्थापना गर्नु पनि हो। वास्तविक विश्वव्यापी राजनीतिक बहस नभएसम्म यीमध्ये कुनै पनि काम सम्भव देखिँदैन।

निश्चय पनि प्रजातन्त्रका परम्परागत सोचले विश्वव्यापी राजनीतिक प्रणाली स्थापना हुने कुरा धेरै टाढ़ाको कुरा हो। यसका साथै विश्वव्यापी मान्यताविपरीत नियमन गर्ने जिम्मा अन्तरराष्ट्रिय संस्थालाई नियमन गर्न दिने हो भने प्रजातन्त्रका आधारभूत मान्यता नै त्यागिन सक्ने सम्भावना हुन्छ। हार्वर्ड विश्वविद्यालयका अर्थशास्त्री ड्यानी रोड्रिकले मुख्यतया तीनवटा पक्षको एक-आपसमा एकै स्थानमा रहन नसक्ने भएकाले चुनौती थपिएको तर्क प्रस्तुत गरेका छन्।

प्रजातन्त्र, राष्ट्रिय स्वाधीनता र विश्वव्यापीकरण यी तीन पक्ष एकसाथ प्राप्त गर्न नसकिने उनको तर्क छ। यीमध्ये कुनै दुईवटा पक्ष मात्र प्राप्त गर्न सकिने तर तीनवटै पक्ष कहिल्यै पनि एकसाथ प्राप्त गर्न नसकिने उनको मान्यता छ। राड्रिक आफैं चाहिं प्रजातन्त्रको बढ़ी र विश्वव्यापीकरणको कम वकालत गर्छन्। ट्रम्पजस्ता राष्ट्रवादीले राज्य सबल बनाउने प्रयास गर्नाले चाहिं कम्तीमा पनि प्रजातन्त्र र विश्वव्यापीकरणजस्ता मुद्दालाई भने दीर्घकालीन समयसम्म कमजोर बनाउने देखिन्छ। मध्यकालीन रूपमा हेर्ने हो भने अझै पनि विश्वव्यापीकरण हुने कुरालाई कसैले पनि रोक्न सक्दैन। राष्ट्रिय राजनीतिले यिनै कुरा सामना गर्नुपर्नेछ।

यो विषयलाई वैधानिकता प्रदान गर्न स्थानीय तहमा आधारित नयाँ तथा विश्वव्यापी राजनीतिक प्रणाली स्थापना गर्नुपर्ने देखिन्छ। यसका लागि विश्व राजनीतिले स्थानीय व्यवस्थामा कसरी प्रभाव पार्न सक्छ भन्ने कुरा स्थानीय तहका राजनीतिक दलका नेताले बुझ्न जरुरी छ। स्थानीयकृत विश्वव्यापी राजनीतिको एउटा राम्रो उदाहरण जलवायु परिवर्तनको मुद्दा हो।

संस्थागत व्यवस्थापन गर्ने जुनसुकै प्रणाली रोजिए पनि विश्वव्यापी राजनीति कमजोर पार्नेभन्दा सबल गर्ने खालकै नीति तर्जुमा गर्नुपर्ने देखिएको छ। प्रजातन्त्रको रक्षा गर्नु एक्काइसौं शताब्दीकै सबैभन्दा ठूलो राजनीतिक चुनौती हो। यो कुरा भन्न लाज मानेर बस्न अब हामी सक्दैनौं। ❐